# नेपाल सरकार
## संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय
## जिल्ला विकास समितिको कार्यालय
## सिन्धुपाल्चोक
## शिलबन्दी दरभाउँपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : ०७३।०४।२५**

यस कार्यालय अन्तर्गत निम्न बमोजिम कार्यको स्टीलपार्टस फेव्रिकेशन कार्य गराउनु पर्ने भएकोले इजाजत प्राप्त फेव्रिकेटरहरुबाट मात्र निम्न शर्तहरुको अधिनमा रहि दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

- दरभाउँपत्र फाराम यो सूचना प्रथम पटक लोकप्रिय दैनिक पत्रिका चौतारामा प्रथम पटक प्रकाशित मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रु. ३००। बुझाई इजाजत पत्र , कर कार्यालयमा दर्ता भएको प्रमाण, अघिल्लो आ.व. सम्म कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपीहरु संलग्न राखी प्राप्त गर्न सकिने छ ।
- दरभाउपत्रदाताले खरिद गरेको दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औ दिन सम्ममा खरीद गरी १६ औ दिनको १२.०० बजेसम्ममा मात्र दर्ता गरी सक्नुपर्नेछ ।
- कार्यालयबाट जुन फर्मको नाममा दरभाउँपत्र खरिद गरीएको हो सोही फर्मको नामबाट मात्र सो दरभाउँपत्र दर्ता दाखिला गर्न सकिने छ ।
- दर्ता दाखिला गरिएको दरभाउँपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १.०० बजे यस कार्यालय मा दरभाउँपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउँपत्रदाता वा निजको प्रतिनिध नभएमा पनि दरभाउँपत्रहरु खोल्न वाधा पर्ने छैन ।
- दरभाउँपत्र खरिद गर्ने ,दर्ता गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा दरभाउँपत्र खरिद गर्ने र खोल्ने काम हुनेछ ।
- शिलबन्दी दरभाउँपत्र साथ जमानत वापत कवोल अकंको २.५ प्रतिशत रकम यस कार्यालयको ने.बै.लि. चौतारामा रहेको धरौटी खाता नं ग ३/१ कार्यालयको नाममा नगदै जम्मा गरेको सक्कलै भौचर वा घटीमा दरभाउँपत्र दर्ता गर्ने ७५ दिन म्याद भएको मान्यता प्राप्त बैकबाट यस कार्यलयको नाममा जारी भएको र कार्यालयलाई मान्य ढाँचाको सक्कल बैक ग्यारेण्टी अनिवार्य रुपले दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । नगद जमानत दरभाउँपत्र स्वीकृत भएमा पछि ग्यारेण्टीमा परिवर्तन गर्न पाईने छैन ।
- दरभाउँपत्र शर्त रहित ,केरमेट नभएको ,मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराइएका दस्तावेजहरु कुनै थपघट वा द्बष्टव्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याईएको ठाउँमा दरभाउँपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ ।समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनामा भएका शर्तशरु विपरीत दरभाउँपत्र माथि कार्यवाही हुने छैन । दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
- सरकारलाई तिर्नु ,बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्न पर्ने सबै प्रकारका करहरु (भ्याट बाहेक) दररेटमा समावेश गर्नु पर्नेछ । ठेक्कामा मूल्यवृद्धि लागु हुनेछैन ।
- दरभाउँपत्र, स्पेशिफिकेशन,सूचना, ठेक्का सम्बन्धि अन्य कुनै दस्तावेजमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा अर्को अर्थ लागेमा कार्यालयलाई कुनै पनि वेला सो सच्याउन वाधा पर्नेछैन । सो सम्दर्भमा यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ दरभाउँपत्र सम्वन्धी थप जानकारी आवश्यक भएमा दरभाउँपत्र खरिद गरेका फर्महरुले यस कार्यालय बाट प्राप्त गर्न सक्नेछन । क्रमागत योजना भएकोले कार्य सम्पन्न भएको आधारमा वार्षिक बजेटले खामेसम्म भुक्तानी गरिनेछ र बाँकी रकम अर्को आ.व. को बजेटबाट निकासाको आधारमा भुक्तानी गरिनेछ ।
- दरभाउँपत्र दर्ता गर्ने म्याद समाप्त भएमा वा रित नपुगि प्राप्त हुन आएका दरभाउँपत्रहरु उपर कारवाही गरिनेछैन ।
- शिलवन्दी दरभाउँपत्र स्वीकृत गर्ने ,रद्ध गर्ने र आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र स्थानीय निकाय आ.प्र. नियमावली २०६४ बमोजिम हुनेछ ।
- ठेक्का कार्यहरुको सक्षिप्त विवरण :

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.( भ्याट र कटिजेन्सी बाहेक) | जमानत वा विडवण्ड रकम | दरभाउँपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/०७३/०७४ | सोतीवगर हाँडी खोला झो.पु. थाडपालधाप स्टीलपार्टस फेव्रिकेशन कार्य । | १३३३३२५।५२ | ३८०००। | ३००। |

स्थानीय विकास अधिकारी

नेपाल सरकार

संघिय मामीला तथा स्थानीय विकास मन्त्रालय

**जिल्ला विकास समितिको कार्यालय**

सिन्धुपाल्चोक

# शिलबन्दी दरभाउँपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : ०७३।०४।२५**

## सूचना.........सूचना..........सूचना

यस कार्यालय अन्तर्गत थाङपालधाप गा.वि.स. मा निर्माण हुने सोतिवगर हाँडी खोला झो.पु.को स्टीलपार्टस फेव्रिकेशन कार्य सम्वन्धी शिलबन्धी दरभाउँपत्र आव्हान गरीन्छ । विस्तृत सूचना तथा शर्तहरु यस कार्यलयको सूचना पाटीमा टाँस गरिएको छ । ईच्छुक फेव्रिकेटरहरुबाट यो सूचना प्रथम पटक दैनिक वा साप्ताहिक पत्रिकामा प्रकाशीत भएको मितिले आवश्यक कागजात सहित १५ दिन भित्र कार्यालय समयमा खरिद गरी १६ औ दिनको १२.०० बजे सम्ममा यस कार्यलयमा दाखिला गरी सक्नुहुन यो सूचना प्रकाशीत गरीएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.( भ्याट र कटिजेन्सी बाहेक) | जमानत वा विडवण्ड रकम | दरभाउँपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/०७३/०७४ | सोतीवगर हाँडी खोला झो.पु. थाङपालधाप स्टीलपार्टस फेव्रिकेशन र ढुवानी कार्य । | १३३३३२५।५२ | ३८०००। | ३००। |

जिल्ला विकास समितिको कार्यालय
सिन्धुपाल्चोक, चौतारा ।